(ङ) प्राविधिक समितिले प्राप्त आवेदनहरुको मूल्याङ्कन गरी प्राथमिकताक्रम तोकी निर्णयका लागि स्थानीय तह समक्ष पेश गर्नेछ।

(च) स्थानीय तहले स्थानीय तहमा उपलब्ध वार्षिक बजेटको आधारमा सिफारिस गरिएका लक्षित वर्गको आवेदन स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

**४.१.९.२ उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम सञ्चालन प्रकृया**

(क) पकेट निर्धारणको लागि तालिका-१ मा उल्लेख भए बमोजिमको आधार पुरा गरेको पकेटमा उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गर्नुपर्नेछ तर तोकिए बमोजिमको न्यूनतम क्षेत्रफल वा संख्या नपुगेको पकेटको हकमा क्षेत्रफल विस्तार/संख्या वृद्धिका कार्यक्रम अनिवार्य रुपमा सञ्चालन गर्नु पर्नेछ।

(ख) पकेट सञ्चालनको पहिलो वर्षमा पशुपन्छी तथा मत्स्यको हकमा पशु संख्या वृद्धि/नश्ल सुधार/जलाशय क्षेत्र विस्तार र कृषि तर्फका बाली/वस्तुको हकमा बीउ/बिरुवा/क्षेत्रफल विस्तार कार्यक्रम सञ्चालन गर्न कम्तीमा ६० प्रतिशत रकम परिचालन गर्नुपर्नेछ।

(ग) स्थानीय तहबाट स्वीकृत लाभान्वित वर्गको सहभागितामा प्राविधिक समितिले तालिका-२ मा उल्लेख भएका क्रियाकलापको सूची मध्येबाट लाभान्वित वर्गको आवश्यकता र प्राविधिक दृष्टिकोणले उपयुक्त क्रियाकलापहरु छनौट गरी स्थानीय दररेटको आधारमा लागत अनुमान तथा कार्ययोजना तयार गर्नु पर्नेछ।

तालिका २: पकेट विकास कार्यक्रममा सञ्चालन हुने क्रियाकलापको सूची र सञ्चालन विधि

| क्र.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्य | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| **क.** | **क्षमता विकास कार्यक्रम** | | |
| १ | स्थलगत तालिम | - उन्नत कृषि प्रविधि सम्बन्धी जानकारी | - सहभागी छनौट<br>- प्रशिक्षक तथा प्रशिक्षण सामग्री व्यवस्थापन<br>- तालिम सञ्चालन |
| **ख.** | **प्रसार तथा बाह्य सेवा** | | |
| १ | सहभागितात्मक नवीनतम उत्पादन प्रविधि प्रदर्शन (५ रोपनी) | - नवीनतम उत्पादन प्रविधि प्रचार/प्रसार गर्ने | - प्रविधि पहिचान तथा छनौट<br>- कृषक तथा जग्गा छनौट<br>- बीउ विजन तथा सामग्री व्यवस्थापन<br>- प्रविधि प्रदर्शन<br>- नियमित अनुगमन तथा प्रतिवेदन |
| २ | बीउ /बेर्ना/ मौरी/माछा भुरा/पशु नश्ल एवं जैविक विषादी खरिदमा अनुदान | - प्रविधि विस्तार गर्ने | - कृषक छनौट<br>- स्रोत केन्द्रको पहिचान<br>- खरिद व्यवस्थापन<br>- वितरण<br>- नियमित अनुगमन तथा प्रतिवेदन |
| **ग.** | **पशु उत्पादन सहयोग** | | |
| १ | गोठ/खोर निर्माण सुधार | - असल पशुपालन अभ्यास प्रवर्द्धन गर्ने | - कृषक छनौट<br>- आधुनिक प्रविधि अवलम्बन गरी नयाँ गोठ निर्माण तथा सुधार |



नेपाल सरकार

| क्र.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्य | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| | | | - नियमित अनुगमन तथा प्रतिवेदन |
| २ | पशु पहिचान/पशु बीमा | - असल पशुपालन अभ्यास प्रवर्द्धन गर्ने | - Tagging/ Micro chipping<br>- पशु बीमा कार्यक्रम सञ्चालन |
| ३ | पशु नश्ल सुधार | - नश्ल सुधार गर्ने | - कृषक छनौट<br>- स्रोत केन्द्रको पहिचान<br>- उन्नत जातको पशु नश्ल (राँगा/साँढेवोका/वीर/पाठा-पाठी/पाडी र वाच्छी) खरिद तथा वितरण<br>- गर्भ परीक्षण<br>- नियमित अनुगमन तथा प्रतिवेदन |
| ४ | पशु आहारा व्यवस्थापन | - गुणस्तरीय पशु आहाराको सहज आपूर्तिमा सहयोग | - कृषक छनौट<br>- स्रोत केन्द्रको पहिचान<br>- उन्नत जातको भुई तथा डाले घाँसको बीउ/ बेर्ना/ सेटहरु<br>- साईलेज/TMR/UMMB लगायत पशु आहारा प्रविधि/ कबुलियती/सामुदायिक घाँस खेती<br>*TMR- Total Mixed Ration*<br>**UMMB- Urea Molasses Mineral Block* |
| ५ | पशु स्वास्थ्य (खोप/परजीवी नियन्त्रण/उपचार/हर्ड हेल्थ) | - पशुमा लाग्ने रोगहरुको जोखिम न्यूनीकरण गर्ने | - स्थान छनौट<br>- प्राविधिक कर्मचारीको व्यवस्थापन<br>- पशु स्वास्थ्य शिविर सञ्चालन<br>- खोप तथा औपधि खरिद, खोप कार्यक्रम सञ्चालन तथा परजीवी नियन्त्रणका लागि औषधि वितरण<br>- फार्म वायो सेक्युरिटी व्यवस्थापन<br>- विरामी पशुको उपचार<br>- नियमित अनुगमन तथा प्रतिवेदन |
| **घ** | **मत्स्य उत्पादन सहयोग** | | |
| १ | मत्स्य पोखरी निर्माण | मत्स्य पालनको क्षेत्र विस्तार गर्ने | - स्थान तथा कृषक छनौट<br>- डिजाईन तथा लागत अनुमान तयारी<br>- पोखरी निर्माण<br>- नियमित अनुगमन तथा प्रतिवेदन माछापालन |
| २ | एकीकृत मत्स्य पालन र | नवीनतम उत्पादन | - प्रविधि पहिचान तथा छनौट |



नेपाल सरकार

| क्र.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्य | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| | प्रविधि प्रदर्शन १०) (रोपनी | प्रविधि प्रसार गर्ने | - कृषक तथा पोखरी छनौट<br>- मत्स्य उत्पादनको लागि आवश्यक भुरा, प्रदर्शन सामग्री व्यवस्थापन<br>- माछा पोखरीको पानीको गुणस्तर परीक्षण<br>- एरेटर लगायतका आवश्यक सामग्री व्यवस्थापन<br>- उत्पादित माछाको भण्डारण तथा बजारीकरणको लागि कोल्ड चेन व्यवस्थापन<br>- प्रदर्शनको नतिजा सम्बन्धी सामूहिक छलफल |
| ङ | **अन्य कार्यक्रमहरु** | | |
| १ | साना कृषि तथा पशुपालनमा प्रयोग हुने औजार उपकरण | - कृषकको कार्यबोझ घटाउने<br>- लागत न्यूनीकरण | - कृषक तथा औजार उपकरणको आवश्यकता पहिचान<br>- खरिद व्यवस्थापन<br>- वितरण |
| २ | साना सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार (कुलो मर्मत/ थोपा सिँचाइ/ सौर्य उर्जामा आधारित सिँचाइ/प्लाष्टिक पोखरी/ ट्यूवेल जडान) | - सिंचित क्षेत्र विस्तार गर्ने | - स्थान छनौट<br>- योजना पहिचान<br>- सम्झौता<br>- निर्माण<br>- नियमित अनुगमन तथा प्रतिवेदन |
| ३ | माटो व्यवस्थापन | - माटोको गुणस्तरमा सुधार | - माटो नमूना सङ्कलन<br>- माटो परीक्षण/शिविर<br>- माटो उपचार |
| ४ | बाली संरक्षण सेवा | - रोग कीराको पहिचान तथा व्यवस्थापन | - नमुना सङ्कलन<br>- बाली उपचार शिविर सञ्चालन<br>- परीक्षण एवं आवश्यक सल्लाह सुझाव |
| ५ | बीउ परीक्षण तथा उपचार सेवा | - बीउको गुणस्तर वृद्धि | - नमुना संकलन/ परीक्षण<br>- विषादी खरिद<br>- बीउ उपचार |
| ६ | जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने कार्यक्रमहरु | - बाँझो जमिनलाई खेतीयोग्य जमिनमा रुपान्तरण गर्ने | - बाँझो जमिनहरुको पहिचान तथा अभिलेखीकरण<br>- खेती गर्ने कृषक, समुह, सहकारी पहिचान र छनौट<br>- मल, बीउ, सिँचाइ र औजार |

| क्र.सं. | क्रियाकलाप/कार्यक्रम | उद्देश्य | कार्यक्रम सञ्चालन प्रक्रियाका मूख्य चरणहरु |
|---|---|---|---|
| | | | उपकरण सहयोग<br>- नियमित अनुगमन तथा प्रतिवेदन |

(घ) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले नियमानुसार प्राविधिक स्पेशिफिकेशन, लागत अनुमान र कार्यान्वयन कार्य योजना स्वीकृत गर्नेछ।

**४.१.१० सम्झौता र अनुदान रकम भुक्तानी**

(क) स्वीकृत भएका लाभग्राहीसँग स्थानीय तहले सम्झौताका द्विपक्षीय शर्तहरु बारे छलफल गरी संक्षिप्त कार्ययोजना सहित अनुसूची-१२ बमोजिमको ढाँचामा सम्झौता गरी कार्यदिश दिनुपर्नेछ।

(ख) सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात सम्बन्धित लाभग्राहीलाई प्रचलित कानून अनुसार अनुदान रकम भुक्तानी गरिनेछ।

**४.१.११ जनशक्ति व्यवस्थापन:** साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको इकाई सम्बन्धित स्थानीय तहको कृषि/पशु सेवा शाखामा रहनेछ। पकेट सञ्चालनको लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने जिम्मेवारी सम्वन्धित स्थानीय तहको हुनेछ।

**४.१.१२ पकेट सञ्चालन समन्वय समिति**

(क) स्थानीय तहले पकेट कार्यक्रम सञ्चालनमा सहजीकरण गर्न लाभग्राहीको प्रतिनिधित्व रहने गरी एक पकेट सञ्चालन समन्वय समिति गठन गर्नु पर्नेछ।

(ख) तोकिएको क्षेत्रफल वा पशु संख्या भएको पकेट एक मात्र कृषक वा संस्थाले सञ्चालन गर्ने भएमा सोही संस्थाको प्रोप्राइटर वा संचालकले नै पकेट सञ्चालन समन्वय समितिको भूमिका निर्वाह गर्नेछ।

(ग) एक भन्दा बढी कृषक वा संस्थाले तोकिए बमोजिमको पकेट सञ्चालन गर्ने भएमा पकेट कार्यक्रममा संलग्न सबै कृषक वा संस्थाको प्रतिनिधित्व हुने गरी ५ सदस्यीय पकेट सञ्चालन समन्वय समिति गठन गरिनेछ। यसरी गठन हुने समितिमा कम्तीमा २ जना महिला सदस्य हुनु पर्नेछ। समिति सदस्य मध्येबाट एक जना संयोजक हुनेछ र समिति एवं सदस्यको पदावधि २ आर्थिक वर्षको हुनेछ। विगत देखि सञ्चालनमा रहेका पकेट सञ्चालक समिति बाँकी अवधिका लागि पकेट सञ्चालन समन्वय समितिमा रुपान्तरण हुनेछ।

(घ) पकेट सञ्चालन समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछः-

(अ) पकेट क्षेत्रमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरुको अभिलेख तयार गर्न सहजीकरण गर्ने।

(आ) पकेट क्षेत्र अन्तर्गतका कृषक समुह, कृषि सहकारी, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी, कृषिसँग सम्बन्धित कम्पनी वा फर्महरुको विवरण अद्यावधिक गर्न सहजीकरण गर्ने।

(इ) पकेट अन्तर्गत सञ्चालन हुने प्रविधिहरुको प्रसारमा स्थानीय तहको कृषि/पशु सेवा शाखालाई सहजीकरण गर्ने।

(ई) सहभागितात्मक रुपमा प्राविधिकको सहयोगमा २ आर्थिक वर्षको पकेट सञ्चालन कार्ययोजना तयार गर्न सहजीकरण गर्ने।

(उ) पकेट क्षेत्र अन्तर्गत समूहिक खेती, सहकारी खेती, चक्लावन्दी खेती र पशुपालन प्रवर्द्धनमा सहजीकरण गर्ने।

(ऊ) पकेट क्षेत्र अन्तर्गत स्थापना गरिएका पूर्वाधारहरुको विकास, प्रयोग र सम्बर्द्धनमा समन्वय र सहजीकरण गर्ने।

(ऋ) परियोजनाका सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।



नेपाल सरकार

(ल) पकेट विकासको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमामा स्थानीय तहसँग समन्वय गर्ने।

(ऍ) पकेट विकास कार्यक्रमको नियमित अनुगमन एवं पृष्ठपोषणमा सम्बन्धित स्थानीय तहको कृषि/पशु सेवा शाखालाई सहजीकरण गर्ने।

(ऎ) सञ्चालित पकेटको प्रोफाईल तयार गर्न सहजीकरण गर्ने।

### ४.१.१३ अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन

**(क) अनुगमन तथा मूल्याङ्कनः** परियोजना कार्यान्वयन इकाई, प्रदेश सरकार अन्तर्गतको निकाय र स्थानीय तहले पकेट विकास कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापहरुको एकल वा पकेट क्षेत्रका लाभग्राही एवं सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्नेछ। स्थानीय तह र पकेट सञ्चालन समन्वय समितिले पकेट कार्यक्रमको सार्वजनिक सुनुवाईका लागि सजहजीकरण गर्नु पर्नेछ।

**(ख) प्रगति प्रतिवेदन**

(अ) स्थानीय तहको कृषि/पशु सेवा शाखाले खर्च र उपलब्धि सम्वन्धी चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी जिल्ला स्थित परियोजना कार्यान्वयन इकाई र प्रदेश सरकार अन्तर्गतको कृषि/पशु सेवा हेर्ने निकायमा पेश गर्नु पर्नेछ।

(आ) अनुसूची-१३ र राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा प्रगति प्रतिवेदन तयार गरी जिल्लास्थित परियोजना कार्यान्वयन इकाईमा पेश गर्नु पर्नेछ।

(इ) कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहले अनुसूची-७ बमोजिमको ढाँचामा पकेटको प्रोफाईल तयार तथा अद्यावधिक गरी जिल्लास्थित परियोजना कार्यान्वयन इकाईमा पेश गर्नु पर्नेछ।

## ४.२ व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम

**४.२.१ परिचयः** बाली वस्तु विशेषका लागि तोकिएको क्षेत्रफल वा संख्याको न्यूनतम आधार पुरा गरेका व्यवसायिक कृषि उत्पादनको निश्चित क्षेत्रलाई व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) भनिनेछ। ब्लकमा बीउ/नश्ल, मल/आहारा र साना कृषि यन्त्र लगायतका उत्पादन सामग्री, सिँचाइ, विद्युत र सडक लगायतका कृषि पूर्वाधार, कृषि ऋण, बीमा (बाली तथा पशुधन सुरक्षण) एवं नीतिगत सहजीकरण र कृषक व्यवसायीको क्षमता विकास जस्ता सेवा सुविधा उपलब्ध गराइ कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ। परियोजना कार्यान्वयनको प्रथम वर्षमा १ सय ५० वटा ब्लक स्थापना भएका थिए र परियोजनाको अन्त्यसम्ममा दस्तावेजमा तोकिएको लक्ष्य अनुसार ब्लक संख्या १५ सय पुऱ्याउने गरी कार्यक्रम सञ्चालन हुनेछन्। राष्ट्रिय आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा एउटै स्थानीय तहको निश्चित क्लष्टरमा सम्भाव्य बाली/वस्तुको ब्लक विकास कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

**४.२.२ उद्देश्यः** व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुऱ्याउने गरी ब्लकमा समावेश गरिएका बाली वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु,

(ख) ब्लक क्षेत्रमा कृषि यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास तथा व्यवसायीकरण प्रवर्द्धन गर्नु।

**४.२.३ ब्लक निर्माणः** पकेट क्षेत्रको विकास एवं विस्तार भएर वा नजिकका पकेटहरु क्लष्टरमा एकीकृत भई बाली वस्तुको लागि तोकिएको क्षेत्रफल वा संख्याको न्यूनतमा आधार पुरा गरेमा पकेटहरु ब्लकमा रुपान्तरित हुन सक्नेछन्। स्थानीय सम्भाव्यता र प्रादेशिक महत्वको आधारमा प्रदेश सरकारले राष्ट्रिय प्राथमिकताका बाली वस्तुहरु मध्येबाट ब्लक क्षेत्र निर्धारण गर्नेछ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय